विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०८२/११/११ मा बसेको बैठकका एजेन्डा र निर्णयहरू:-

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
| --- | --- | --- |
| १ | पूर्वाञ्चल विश्वविद्यालयले भोगचलन गरिरहेको जग्गामा भवन निर्माण स्वीकृति प्रदान गर्ने सम्बन्धमा। | विराटनगर महानगरपालिकाको स्वामित्वमा रही हाल पूर्वाञ्चल विश्वविद्यालयले भोगचलन गरिरिहेको जिल्ला मोरङ, विराटनगर महानगरपालिका वडा नं. ४ स्थित कि.नं. ६९३, ६७२, ७७९ र ७८३ को जम्मा २-१-१ (बिघा) जग्गामा शैक्षिक प्रयोजनका लागि भवन निर्माण गर्न विश्वविद्यालयले स्वीकृति माग गरेकाले भवनको स्वामित्व महानगरपालिकाकै हुनेगरी शैक्षिक भवन निर्माण गर्न विश्वविद्यालयलाई स्वीकृति प्रदान गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| २ | विविध।<br>विराटनगर नगर कार्यपालिकाको कार्यालय विराटनगर, मोरङ कोशी प्रदेश, नेपाल<br>प्रतिलिपि<br>अधिकृत आठौं | (क) कोशी प्रदेश सभा सचिवालय, विराटनगरबाट प्रदेश सभा भवनको निर्माण तथा मर्मत सम्भार कार्य भइरहेकाले प्रदेश सभाको अधिवेशन सञ्चालन गर्ने प्रयोजनार्थ विराटनगर महानगरपालिका अन्तर्गतको वीरेन्द्र सभागृह प्रयोग गर्न माग भइआएकोमा मासिक रु.८,००,०००।- (आठ लाख) वहाल रकम लिई छ महिनाका लागि उल्लिखित सचिवालयलाई सभागृह उपलब्ध गराउने व्यवस्था हुन भएको कार्यपालिका प्रमुखस्तरीय निर्णयलाई सर्वसम्मतिले अनुमोदन गरियो।<br>(ख) महानगरपालिका अन्तर्गतका वडा कार्यालयहरूबाट घर बाटो सिफारिस गर्दा सोही सिफारिसमा जग्गाको वर्गीकरण समेत खुलाउने हुँदा जग्गा वर्गीकरण सिफारिसको थप शुल्क नलिने सर्वसम्मतिले निर्णय गरियो।<br>(ग) विराटनगर महानगरपालिकाको आ.व. २०८२/०८३ का लागि स्वीकृत बजेट तथा कार्यक्रमको अन्य नगरस्तरीय योजना/कार्यक्रम अन्तर्गत सुदिप कोइरालाको घर अगाडि बाटो कालोपत्रे (विराटनगर ६) शीर्षकमा रु.७,००,०००।- रकम विनियोजन भएकोमा उक्त बजेटबाट सडक कालोपत्रे गर्न रकम अपुग हुने भएकाले आगामी नगर सभाबाट अनुमोदन हुनेगरी विनियोजित बजेटबाट उल्लिखित बाटो स्तरोन्नतिको कार्य गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br>(घ) विराटनगर महानगरपालिकाको आ.व. २०८२/०८३ का लागि स्वीकृत बजेट तथा कार्यक्रमको अन्य नगरस्तरीय योजना/कार्यक्रम अन्तर्गत शुभाश्री मार्गको अपुरो नाला माटो र ग्राबेल (विराटनगर ६) शीर्षकमा रु.५,००,०००।- रकम विनियोजन भएकोमा उक्त सडकमा नाला निर्माण तथा ग्राभेलको कार्य भइसकेकाले आगामी नगर सभाबाट अनुमोदन हुनेगरी उक्त विनियोजित बजेटबाट उल्लिखित बाटो ढलानको कार्य गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br>(ङ) विराटनगर महानगरपालिकाको आ.व. २०८२/०८३ का लागि स्वीकृत बजेट तथा कार्यक्रमको अन्य नगरस्तरीय योजना/कार्यक्रम अन्तर्गत कृषि भवन दक्षिण गौरीशंकर मार्गमा पक्की नाला निर्माण (विराटनगर ६) शीर्षकमा रु.५,००,०००।- रकम विनियोजन भएकोमा उक्त सडकमा नाला निर्माण भइसकेकाले आगामी नगर सभाबाट अनुमोदन हुनेगरी उक्त विनियोजित बजेटबाट उल्लिखित बाटो ढलानको कार्य गर्ने सर्वसम्मतिले निर्णय गरियो। |

| क.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
| --- | --- | --- |
| | | (च) विराटनगर महानगरपालिकाको आ.व. २०८२/०८३ का लागि स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम प्रमुखज्यूसहित न्यायिक समितिको अध्ययन अवलोकन भ्रमणमा जानका लागि पदाधिकारी बैठक भत्ता, तालिम, गोष्ठी, कार्यशाला, बैठक, भेला तथा अध्ययन भ्रमण खर्च सम्बन्धी निर्देशिका, २०७५ ले तोके अनुसारको आवास खर्च अपुग हुने भएकाले प्रमुख र उपप्रमुख (न्यायिक समिति संयोजक) का लागि प्रतिदिन रु.६,५००।०, न्यायिक समिति सदस्य तथा अधिकृतस्तर कर्मचारीका लागि प्रतिदिन रु.३,०००।० र अन्य कर्मचारीका लागि प्रतिदिन रु.२,०००।० का दरले आवास खर्च उपलब्ध गराउने सर्वसम्मतिले निर्णय गरियो। |

अधिकृत आठौं

विराटनगर
नगर कार्यपालिका ... मोरङ
विराटनगर, नेपाल
कोशी प्रदेश,